# अर्थ बुलेटिन

वर्ष ३ अंक ५ मङ्सिर, २०७८

नेपाल सरकार
अर्थ मन्त्रालय



## सम्पादकीय

- आर्थिक वर्ष २०७८/७९ को मङ्सिरसम्म राजस्व परिचालनमा ३६.९ प्रतिशतको उच्च वृद्धि भएको छ। व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेसँगै करको दायरा विस्तार भएको छ। संघीय सरकारको कुल खर्चमा १७.८ प्रतिशतले वृद्धि भएको छ। तर पूँजीगत खर्च भने अपेक्षित रुपमा वृद्धि हुन सकेको छैन।
- वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा न्यून रहेको छ।
- कुल वस्तु निर्यातमा उच्च वृद्धि भएको छ भने कुल वस्तु आयातमा समेत वृद्धि भएको छ। कुल वस्तु व्यापारमा निर्यातको अंश वृद्धि भएको छ तथापि आयातको आकार ठूलो भएको कारण व्यापार घाटा बढेको छ।
- कम्पनी दर्ताको सङ्ख्यामा वृद्धि भएबाट आर्थिक पुनरुत्थानले गति लिएको देखिन्छ।
- विप्रेषण आप्रवाहमा कमी आएको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै घाटामा छन्। फलस्वरुप विदेशी मुद्रा सञ्चितिमा समेत कमी आएको छ। समग्रमा अर्थतन्त्रका बाह्य क्षेत्रका परिसूचकहरुमा थप चाप परेको छ।

**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

http://www.mof.gov.np

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७८/७९ को मङ्सिर महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ३ खर्ब २८ अर्ब ४३ करोडको तुलनामा १७.८ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ८७ अर्ब ३ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रु. ३ खर्ब १७ अर्ब ३३ करोड, पूँजीगत खर्च रु. २८ अर्ब ४० करोड र वित्तीय व्यवस्था तर्फ रु. ४१ अर्ब ३० करोड रहेको छ। यस अवधिको चालु खर्चमा १३.० प्रतिशतले वृद्धि भएको छ भने पूँजीगत खर्चमा २१.० प्रतिशतले कमी आएको छ। वित्तीय व्यवस्था तर्फको खर्चमा उल्लेख्य वृद्धि भएको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको मङ्सिर महिनासम्मको खर्चको स्थिति (रु. करोडमा)**

| विवरण/आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| चालु | २९१४५.८ | २४८६८.० | २४६९२.८ | २८०७४.३ | ३१७३२.८८ |
| पूँजीगत | ३१९२.४ | ४०५०.५ | ३७६१.० | ३५९४.२ | २८४०.३५ |
| वित्तीय व्यवस्था | १५४१.२ | २०३७.४ | १४१६.९ | ११७४.४ | ४१३०.२० |
| **कुल खर्च** | **३३८७९.४** | **३०९५५.८** | **२९८७०.७** | **३२८४२.८** | **३८७०३.४** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको पहिलो पाँच महिनाको कुल संघीय सरकारी खर्चमा असोज महिनामा खर्च प्रतिशत सबैभन्दा बढी ३७.४ प्रतिशत र साउन महिनामा सबैभन्दा कम २.७ प्रतिशत रहेको छ ।

**तालिका (ख) : चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | ९५५.७५ | ९३.५ | ० | १०४९.२५ | ०.०२७ |
| भदौ | ४९०३.७३ | १६७.३७ | २८७३.२३ | ७९४४.३३ | ०.२०५ |
| असोज | १२७९२.८६ | १२२८.०६ | ४३७.८७ | १४४५८.७९ | ०.३७४ |
| कात्तिक | ४६९८.४५ | ५९०.२८ | १२.८२ | ५३०१.५५ | ०.१३७ |
| मङ्सिर | ८३८२.०९ | ७६१.१४ | ८०६.२८ | ९९४९.५१ | ०.२५७ |
| जम्मा | ३१७३२.८८ | २८४०.३५ | ४१३०.२ | ३८७०३.४३ | १ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

### राजस्व परिचालन

३. आर्थिक वर्ष २०७८/७९ को मङ्सिर महिनासम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. ३ खर्ब १ अर्ब २९ करोडको तुलनामा ३६.९ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब १२ अर्ब ४० करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रु. ३ खर्ब ८० अर्ब २३ करोड र गैरकर राजस्व रु. ३२ अर्ब १७ करोड रहेको छ। साथै यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ४ खर्ब ४३ अर्ब ७९ करोड सङ्कलन भएको छ।

**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो पाँच महिनाको राजस्व परिचालनको स्थिति (रु. करोडमा)**

| क.सं./ आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| कर | २१५२४.७९ | २७९३०.२५ | २८८६६.८९ | २८४५८.४६ | ३८०२३.०२ |
| गैर कर | २७७२.४२ | २७९२.८९ | २०१५.३६ | १६७०.३८ | ३२१७.३२ |
| **कुल राजस्व** | **२४२९७.२१** | **३०७२३.१४** | **३०८८२.२५** | **३०१२८.८४** | **४१२४०.३४** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको मङ्सिरसम्मको राजस्व असुलीको विवरण** (रू. करोडमा)


| कर शीर्षक | आ.व. २०७८/७९ वार्षिक लक्ष्य | आ.व. २०७७/७८ को असुली | आ.व. २०७८/७९ को लक्ष्य | आ.व.२०७८/७९ को असूली | मङ्सिरसम्मको लक्ष्यको तुलनामा असूली प्रतिशत | वार्षिक विन्दुगत प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **२७८९२.४०** | **७८६५.७१** | **१०८६५.५९** | **१०८९३.६४** | **१००.३** | **३८.५** |
| **मूल्य अभिवृद्धि कर** | **३१६३६.१०** | **१००१५.२४** | **१२४५५.८६** | **१२९६०.८७** | **१०४.१** | **२९.४** |
| उत्पादन, बिक्री, सेवा | १३६६७.३१ | ४५१२.३८ | ४९६९.३२ | ४४०९.९६ | ८८.७ | -२.३ |
| पैठारी | १७९६८.७९ | ५५०२.८६ | ७४८६.५३ | ८५५०.९१ | ११४.२ | ५५.४ |
| **अन्तःशुल्क** | **१८२१६.७८** | **५१५४.९७** | **७०७१.७४** | **७१९०.१५** | **१०१.७** | **३९.५** |
| आन्तरिक उत्पादन | ११०७६.५० | ३१३५.१४ | ३७१९.९९ | ४१९८.८८ | ११२.९ | ३३.९ |
| पैठारी | ७१४०.२८ | २०१९.८३ | ३३५१.७५ | २९९१.२८ | ८९.२ | ४८.१ |
| **शिक्षा सेवा शुल्क** | **१०१.००** | **११.३९** | **४१.३८** | **२१.७६** | **५२.६** | **९१.१** |
| **आयकर** | **२८९४९.९६** | **५४११.१५** | **६४४८.२६** | **६९५६.६१** | **१०७.९** | **२८.६** |
| आयकर | २५५५०.४२ | ४३२३.३७ | ४९००.६४ | ५८९८.५२ | १२०.४ | ३६.४ |
| ब्याज कर | ३३९९.५४ | १०८७.७८ | १५४७.६२ | १०५८.०८ | ६८.४ | -२.७ |
| **कर राजस्व जम्मा** | १०६७९६.२५ | **२८४५८.४६** | **३६८८२.८३** | **३८०२३.०२** | **१०३.१** | **३३.६** |
| **गैर कर जम्मा** | **११२६३.७९** | **१६७०.३८** | **३४६३.१७** | **३२१७.३१** | **९२.९** | **९२.६** |
| **कूल राजस्व** | ११८०६०.०४ | **३०१२८.८४** | ४०३४६.०० | **४१२४०.३३** | **१०२.२** | **३६.९** |
| **अन्य प्राप्ति** | ०.०० | **२५५३.५३** | ०.०० | **३१३९.१४** | - | **२२.९** |
| **जम्मा राजस्व/प्राप्ति** | **११८०६०.०४** | **३२६८२.३६** | ४०३४६.०० | ४४३७९.४८ | ११०.० | **३५.८** |

स्रोतः अर्थ मन्त्रालय।


४. चालु आर्थिक वर्षको मङ्सिरसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर र आय कर तर्फको ब्याजकर सङ्कलनमा केही कमी आएको छ भने अन्य सम्पूर्ण शीर्षकका कर राजस्वमा वृद्धि भएको छ।

५. चालु आर्थिक वर्षको मङ्सिरसम्म कुल राजस्व लक्ष्यभन्दा बढी (१०२.२ प्रतिशत) सङ्कलन भएको छ।

**चार्ट (क): पछिल्लो २ आर्थिक वर्षको मङ्सिर महिनासम्मको सङ्कलित राजस्वको संरचना**




**आ.व. २०७७/७८**





**आ.व.२०७८/७९**

स्रोतः अर्थ मन्त्रालय।

६. चालु आर्थिक वर्षको पहिलो पाँच महिनाको कुल राजस्वमा गैर कर र अन्तशुल्कको हिस्सा वृद्धि भएको छ भने आयकर र मूल्य अभिवृद्धि करको हिस्सा घटेको छ।

चार्ट (ख): पछिल्लो ५ वर्षको पहिलो पाँच महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

७. आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को पहिलो पाँच महिनामा राजस्व वृद्धिदर केही न्यून रहेको थियो। कोभिड -१९ को सङ्क्रमणको रोकथाम र नियन्त्रणको लागि चालिएका कदमबाट अर्थतन्त्र प्रभावित भएका कारण आर्थिक वर्ष २०७७/७८ को पहिलो पाँच महिनामा २.४ प्रतिशतले ऋणात्मक भएको राजस्व वृद्धिदर चालु आर्थिक वर्षको सोही अवधिमा ३९.९ प्रतिशतले वृद्धि भएको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. २ खर्ब ६१ अर्ब ८४ करोडको तुलनामा ३७.८ प्रतिशतले वृद्धि भई रू. ३ खर्ब ६० अर्ब ९२ करोड पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ३९ अर्ब ४५ करोडको तुलनामा ३०.५ प्रतिशतले वृद्धि भई रू. ५१ अर्ब ४८ करोड पुगेको छ।

## करको दायरा विस्तार

९. २०७८ मङ्सिरसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ४४ लाख १८ हजार ५ सय ५५ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता करदाता २७ लाख १ हजार २ सय ३६ (६१.१ प्रतिशत), व्यवसायिक स्थायी लेखा नम्बर लिने १७ लाख ४ हजार ४ सय ४ (३८.६ प्रतिशत), र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर १२ हजार ९ सय १५ (०.३ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ६ हजार ५ सय ७१ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या २ लाख २३ हजार ४ सय २ पुगेको छ।

तालिका (ङ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०७८ असारसम्म | २०७७ मङ्सिर | २०७८ मङ्सिर | मङ्सिरसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १५८०३८० | १०००६८ | १२४०२४ | १,७०४,४०४ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | ९९९८ | १५८५ | २९१७ | १२,९१५ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | २४७५७५३ | २०२२१४ | २२५४८३ | २,७०१,२३६ |
| **जम्मा स्थायी लेखा नम्बर** | **४,०६६,१३१** | **३०३८६७** | **३५२४२४** | **४,४१८,५५५** |
| मू.अ.कर | २९०७१४ | १४५३९ | १५८५७ | ३०६,५७१ |
| अन्तः शुल्क | १०४१८२ | १०४९२ | ११९२२० | २२३,४०२ |

स्रोत: आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०७८/७९ को पहिलो पाँच महिनामा वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा ३२.२ प्रतिशतले कमी आई रु. ६४ अर्ब १५ करोड रहेको छ। यसमध्ये अनुदान सहायता रु. ६ अर्ब ८५ करोड र ऋण सहायता रु. ५७ अर्ब ३० करोड रहेको छ। वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः १०.७ प्रतिशत र ८९.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता रकम रु. ९४ अर्ब ६६ करोड रहेको थियो।

११. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये एशियाली विकास बैंक, विश्व बैंक र आई.एफ.ए.डी बाट क्रमशः ४२.८ प्रतिशत, २९.३ प्रतिशत र १८.१ प्रतिशत प्राप्त भएको छ।

१२. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण र उपचार एवम् सोसँग सम्बन्धित पूर्वाधार निर्माणको र सबैभन्दा कम खानेपानी तथा सरसफाई क्षेत्रमा प्राप्त भएको छ।

**तालिका (च): आर्थिक वर्ष २०७८/७९ को पहिलो पाँच महिनाको विकास सहायता प्रतिवद्धताको क्षेत्रगत अवस्था (रू. करोडमा)**

| क्षेत्र | अनुदान | ऋण | कुल | प्रतिशतमा |
|---|---|---|---|---|
| शिक्षा | २९१.६८ | १२९२.९५ | १५८४.६३ | २४.७ |
| उर्जा | ०.०० | ७१७.०० | ७१७.०० | ११.२ |
| खानेपानी तथा सरसफाई | ५९.६६ | ०.०० | ५९.६६ | ०.९ |
| कृषि | ०.०० | ११६२.२७ | ११६२.२७ | १८.१ |
| कोभिड | ०.०० | १९६९.७७ | १९६९.७७ | ३०.७ |
| स्वास्थ्य | ०.०० | ५८७.९५ | ५८७.९५ | ९.२ |
| वन तथा वातावरण | ३३३.९४ | ०.०० | ३३३.९४ | ५.२ |
| **कुल** | **६८५.२७** | **५७२९.९४** | **६४१५.२१** | **१००** |

स्रोतः अर्थ मन्त्रालय

## वित्तीय क्षेत्र

१३. आर्थिक वर्ष २०७८/७९ को मङसिर महिनासम्म वार्षिक विन्दुगत आधारमा कुल निक्षेप र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा क्रमशः १.७ प्रतिशत र १०.४ प्रतिशतले वृद्धि भएको छ।

१४. २०७८ मङ्सिरसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। २०७७ को सोही अवधिमा ७४९ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको थियो।

१५. २०७७ मङ्सिर मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १४४ रहेकोमा गाभिने प्रकृया मार्फत् २०७८ मङ्सिर मसान्तमा १२९ कायम भएको छ। गत आर्थिक वर्षको २०७७ मङ्सिर मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या १०,०८६ रहेकोमा २०७८ मङ्सिर मसान्तमा शाखा सङ्ख्या ११,१८३ पुगेको छ।

## बीमा क्षेत्र

१६. चालु आर्थिक वर्षको मङ्सिर महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २३.० प्रतिशतले वृद्धि भई ९६ लाख १९ हजार ४ सय ४७ पुगेको छ। जसमध्ये जीवन बीमालेख (वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ८८.५ प्रतिशत र ११.८ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ८६.६ प्रतिशत र १३.४ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको मङ्सिर महिनासम्म वैदेशिक रोजगार बीमालेख सङ्ख्यामा २२.३ प्रतिशतले कमी आएको छ।

१७. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १८.९ प्रतिशतले वृद्धि भई रू. ७३ अर्ब २२ करोड पुगेको छ। गत आर्थिक वर्षमा उक्त रकम रू. ६१ अर्ब ६० करोड रहेको थियो।


१८. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७९.८ प्रतिशत र २१.१ प्रतिशत रहेको छ। गत वर्षको मङ्सिर महिनासम्म उक्त हिस्सा क्रमशः ८०.३ प्रतिशत र १९.७ प्रतिशत रहेको थियो।

१९. चालु आर्थिक वर्षको मङ्सिर महिनासम्म जारी भएको वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या ३०.० प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या २४.७ प्रतिशत रहेको थियो।

## पूँजी बजार

२०. २०७७ मङ्सिर मसान्तमा २०६१.४२ विन्दुमा रहेको नेप्से सूचकांक २०७८ मङ्सिर मसान्तमा २४१४.६२ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण २२.८ प्रतिशतले वृद्धि भई रु. ३३ खर्ब ९४ अर्ब ७० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. २७ खर्ब ६३ अर्ब ६६ करोड रहेको थियो।


**चार्ट (ग): पछिल्लो ५ आर्थिक वर्षको मङ्सिर मसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

२१. २०७८ मङ्सिर महिनाको १ गते २८०१.५२ विन्दुमा रहेको नेप्से सूचकाङ्क क्रमशः ओरालो लाग्दै मङ्सिर २७ गते २२८१.६७ विन्दु कायम भएको थियो भने महिनाको अन्तिम कारोवार भएको दिन मङ्सिर २९ गते २४१४.६२ विन्दु कायम भएको छ।

**चार्ट (घ): २०७८ मङ्सिर महिनाको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## समग्र मूल्य स्थिति

२२. २०७८ मङ्सिर मसान्तमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ७.११ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति २.९३ प्रतिशत रहेको थियो।

२३. समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.६७ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.२५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ५.२३ प्रतिशत र १.१६ प्रतिशत रहेको थियो ।

## बाह्य क्षेत्र

### वस्तु निर्यात

२४. आर्थिक वर्ष २०७८/७९ को पहिलो पाँच महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०५.६ प्रतिशतको उच्च वृद्धि भई रु. १ खर्ब २ अर्ब ९२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु. ५० अर्ब ५ करोड रहेको थियो। यस अवधिमा प्रशोधित पाम तेल, सूर्यमुखीको प्रशोधित तेल र भटमासको प्रशोधित तेलको निर्यात उल्लेख्य वृद्धि भएको छ। जुटका बुनिएका कपडा, सेन्थेटिक यार्न, फलफूलको जूस लगायतका वस्तुको निर्यातमा समेत उच्च वृद्धि भएको छ। यस अवधिमा अलैंचीको निर्यात भने ३४.६ प्रतिशतले घटेको छ।

२५. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ८१.८ प्रतिशत, ०.४ प्रतिशत र १७.९ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ७०.७ प्रतिशत, ०.८ प्रतिशत र २८.६ प्रतिशत रहेको थियो।

२६. यस अवधिमा भारत र चीन तर्फ भएको निर्यात १३८.० प्रतिशत वृद्धि भएको छ भने चीन तर्फको निर्यात ७.३ प्रतिशतले कमी आएको छ।

**तालिका (ज) : पछिल्लो दुई आर्थिक वर्षको मङ्सिर महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | १३५०.५६ | ३०५५.८ | १२६.३ |
| प्रशोधित पाम तेल | ०.०४ | २७४२.७३ | – |
| सेन्थेटिक यार्न | ३१३.१३ | ४८१.२६ | ५३.७ |
| उनी गलैंचा कार्पेट | ३१०.६ | ३७५.७९ | २१.० |
| तयारी कपडा | २५३.२९ | ३२२.४८ | २७.३ |
| जुटका बुनिएका कपडा | १५६.७९ | २८७.०६ | ८३.१ |
| जमोठ कपडा | १९३.४५ | २३०.८५ | १९.३ |
| सुर्यमुखिको प्रशोधित तेल | २७.०३ | २२८.५२ | ७४५.४ |
| फलफुलको जुस | १५१.०५ | २२५.०३ | ४९.० |
| अलैची | ३०७.४४ | २०१.१५ | –३४.६ |
| अन्य | १९४२.१८ | २१४१.२६ | १०.३ |
| **जम्मा** | ५००५.५६ | १०२९१.९३ | १०५.६ |

स्रोतः भन्सार विभाग ।

### वस्तु आयात

२७. चालु आर्थिक वर्ष २०७८/७९ को मङ्सिर महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५९.५ प्रतिशतले वृद्धि भई रु. ८ खर्ब ३८ अर्ब ४१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात रु. ५ खर्ब २५ अर्ब ५० करोड रहेको थियो।

२८. चालु आर्थिक वर्षको मङ्सिर महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कच्चा पाम तेल, सुन, पेट्रोल, भटमासको कच्चा तेल लगायतका वस्तुको आयात उच्च दरले बढेको छ।

२९. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ५९.६ प्रतिशत, १४.६ प्रतिशत र २५.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६५.८ प्रतिशत, १४.७ प्रतिशत र १९.५ प्रतिशत रहेको थियो।

३०. यस अवधिमा भारत तर्फको आयातमा ४४.६ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको आयातमा ५७.८ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (झ) : पछिल्लो दुई आर्थिक वर्षको मङ्सिर महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**


| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | २३४३.५ | ४९०२.८७ | १०९.२ |
| भटमासको तेल कच्चा | १४६७.५२ | ३३६६.५५ | १२९.४ |
| कच्चा पाम तेल | १९९.९९ | २४६१.७६ | ११३०.९ |
| पेट्रोल | १०१९.०७ | २४१०.०७ | १३६.५ |
| एल पि ग्यास | १०९९.९६ | २३११.७ | ११०.२ |
| मोवाइल टेलिफोन | १७६४.४६ | २२९७.२५ | ३०.२ |
| एम.एस.विलेट | २०४८.६५ | २२४५.७ | ९.६ |
| सुन | ७५६.५८ | १९६६.१४ | १५९.९ |
| तयारी कपडा | १२९४.५५ | १७४६.४९ | ३४.९ |
| एच.आर.सिट | ९४०.४८ | १६७८.६५ | ७८.५ |
| अन्य | ३९६१४.८ | ५८४५३.५३ | ४७.६ |
| **जम्मा** | **५२५४९.५६** | **८३८४०.७१** | **५९.५** |

स्रोतः भन्सार विभाग ।

## व्यापार सन्तुलन

३१. आर्थिक वर्ष २०७८/८९ को मङ्सिर महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५४.७ प्रतिशतले वृद्धि भई रु. ७ खर्ब ३५ अर्ब ४९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वस्तु व्यापार घाटा रु. ४ खर्ब ७५ अर्ब ४४ करोड थियो।


**तालिका (ङ): पछिल्लो ५ आर्थिक वर्षको मङ्सिर महिनासम्मको वस्तु व्यापार घाटाको स्थिति (रु अर्बमा)**




स्रोतः भन्सार विभाग

३२. विगत पाँच आर्थिक वर्षको मङ्सिर महिनासम्मको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा वस्तु व्यापार घाटामा केही सुधार भए तापनि अन्य आर्थिक वर्षमा यस्तो घाटा वृद्धि भएको छ। निर्यातको वृद्धिदर आयातको तुलनामा उच्च भए पनि कुल वैदेशिक व्यापारमा आयातको हिस्सा उच्च भएकोले व्यापार घाटा उच्च दरले वृद्धि भएको हो।

चार्ट (च): पछिल्लो ५ वर्षको मङ्सिर महिनासम्मको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)




स्रोतः भन्सार विभाग

३३. चालु आर्थिक वर्षको मङ्सिरसम्म कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश क्रमशः १०.९ प्रतिशत र ८९.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ८.७ प्रतिशत र ९१.३ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

३४. आर्थिक वर्ष २०७८/७९ को पहिलो पाँच महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको संशोधित सेवा आय रु. ३१ अर्ब ५४ करोडको तुलनामा ३०.५ प्रतिशतले वृद्धि भई रु. ४१ अर्ब १६ करोड पुगेको छ। साथै, यस अवधिमा गत वर्षको सोही अवधिको संशोधित सेवा खर्च रू. ५५ अर्ब ९ करोडमा ४४.६ प्रतिशतले वृद्धि भई रू. ७९ अर्ब ६९ करोड पुगेको छ।

३५. आर्थिक वर्ष २०७८ को मङ्सिर महिनासम्म खुद सेवा आय रू. ३८ अर्ब ५२ करोडले ऋणात्मक रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. २३ अर्ब ५५ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३६. आर्थिक वर्ष २०७८/७९ को मङ्सिर महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. ४ खर्ब १६ अर्ब ९६ करोडको तुलनामा ६.८ प्रतिशतले कमी आई रु. ३ खर्ब ८८ अर्ब ५८ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह ११.० प्रतिशतले वृद्धि भएको थियो।

३७. चालु आर्थिक वर्षको मङ्सिर महिनासम्म अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि भई १ लाख ३१ हजार ८२ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या ९२.७ प्रतिशतले कमी आई ७ हजार ८ सय ४० रहेको थियो। यस अवधिमा पुनः श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्यामा समेत उल्लेख्य वृद्धि भई ९९ हजार ५ सय ८० पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

३८. आर्थिक वर्ष २०७८/७९ को मङ्सिर महिनासम्ममा शोधनान्तर स्थिति रु. १ खर्ब ९५ अर्ब १ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. १ खर्ब ६ अर्ब ४८ करोडले बचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रु. ३ खर्ब ६९ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रू. २३ अर्बले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

३९. आर्थिक वर्ष २०७८/७९ को मङ्सिर महिनासम्म विदेशी विनिमय सञ्चितिमा गत वर्षको सोही अवधिको रू. १४ खर्ब ७४ अर्ब ३४ करोडको तुलनामा १७.७ प्रतिशतले संकुचन आई रू १२ खर्ब १४ अर्ब ३ करोड कायम भएको छ।

४०. आर्थिक वर्ष २०७८/७९ को मङ्सिर महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले ७.५ महिनाको वस्तु आयात र ६.८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## विनिमय दर


४१. २०७८ असार मसान्तको तुलनामा २०७८ मङ्सिर मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.७२ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १२१.०९ पुगेको छ। २०७८ असार मसान्तमा उक्त विनिमय दर रु. ११९.०४ रहेको थियो ।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४२. आर्थिक वर्ष २०७७/७८ को मङ्सिर महिनासम्म दर्ता भएका कम्पनीको संख्या ११,९६७ रहेकोमा चालु आर्थिक वर्षको मङ्सिर मसान्तमा यस्तो सङ्ख्या २७.५ प्रतिशतले वृद्धि भई १५, २५५ पुगेको छ।

**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो पाँच महिनाको कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)**




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय।

### पर्यटक आगमन

४३. सन् २०२१ मा नेपाल आउने पर्यटकको सङ्ख्या ३४.९ प्रतिशतले कमी आई १ लाख ४९ हजार ८ सय ३३ रहेको छ। गत वर्षमा यस्तो सङ्ख्या २ लाख ३० हजार ८५ रहेको थियो। यस अवधिमा कुल पर्यटक आगमनमा कमी आएको देखिए तापनि अप्रिल देखि यताका महिनामा गत आर्थिक वर्षको तुलनामा पर्यटक आगमनमा उल्लेख्य वृद्धि भएको छ।

४४. सन् २०२१ मा पर्यटन क्षेत्रबाट प्राप्त भएको आयमा उल्लेख्य वृद्धि भई रू ७ अर्ब ८७ करोड पुगेको छ। गत आर्थिक वर्षमा यस्तो आय ९३.५ प्रतिशतले कमी आई रू २ अर्ब ३२ करोड प्राप्त भएको थियो।

## अन्य गतिविधिहरू

४५. मिति २०७८ मङ्सिर १ गते अर्थमन्त्रालयमा आयोजित विकास निर्माणमा कानूनी सहजीकरण सम्बन्धी छलफल कार्यक्रममा माननीय अर्थमन्त्री जनार्दन शर्माले कानूनमा ठूला योजनालाई सरल र रोकावट विना सञ्चालन हुने नीति ल्याउनु पर्ने बताउनु भयो। बैठकमा वर्तमान खरिद कानून, पुँजीगत खर्चको लक्ष्य प्राप्तिमा समस्या, निकायगत समन्वयको अवस्था तथा वित्तीय अनुशासनलगायतका विषयमा छलफल भएको थियो ।

४६. मिति २०७८ मङ्सिर ७ गते राष्ट्र बैंकले आयोजना गरेको वित्तीय क्षेत्रको समसामयिक अवस्थासम्बन्धी समीक्षात्मक कार्यक्रममा सरकारले लिएको आर्थिक वृद्धिदरको लक्ष्य प्राप्त गर्न पुँजीगत खर्च बढाउने, पर्यटन क्षेत्रलाई पुनर्जिवित गर्ने तथा बन्द उद्योगलाई पुनः सञ्चालन गर्ने तयारी रहेको मन्त्री शर्माले बताउनुभयो। साथै, बेमौसमी वर्षाले आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न चुनौती थपिएको भएतापनि लक्ष्य बमोजिम आर्थिक वृद्धि गर्न प्रयासरत रहनुपर्नेमा जोड दिनुभयो।

४७. मिति २०७८ मङ्सिर ८ गते अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७८/७९ को प्रथम चौमासिक प्रगति समीक्षा एवम् मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा अर्थमन्त्री जनार्दन शर्माले पुँजीगत खर्च विद्यमान प्रणालीबाट उल्लेख्य रूपमा नभए नयाँ प्रणाली अपनाउनुपर्ने बताउनुभयो। साथै, उहाँले आयात घटाउने आधारहरू हुँदाहुँदै पनि आयात नघट्दा व्यापार सन्तुलन तथा विदेशी मुद्रा सञ्चितिमा दबाब परेको बताउनु भयो।

लघुवित्तको ब्याज घटाएर एकल डिजिटमा झार्दै साना किसान तथा लगानीकर्तालाई ऋण उपलब्ध गराउनुपर्ने तथा डिजिटल कारोबारलाई व्यापक रुपमा प्रवृद्धन गर्दै जानुपर्नेमा जोड दिनुभयो।

४८. मिति २०७८ मङ्सिर २३ गते प्रतिनिधि सभा अन्तर्गत अर्थ समितिले मुलुकको अर्थतन्त्रको वर्तमान अवस्था र चुनौती सम्बन्धमा आयोजना गरेको छलफल कार्यक्रम सम्पन्न भएको छ। सो कार्यक्रममा माननीय अर्थमन्त्री जनार्दन शर्माले हिजोका अर्थनीति, योजना र कार्यान्वयनको परिणाम आज हामीले भोगिरहेको र आज गरेका काम कारबाहीहरूको उपलब्धि वा समस्याहरू भोलि गएर व्यक्त हुने विचार राख्नुभयो। उहाँले उत्पादनमा आधारित अर्थतन्त्र र आत्मनिर्भर अर्थतन्त्र कसरी बनाउने, संविधानले निर्दिष्ट गरेअनुरूप समाजवादी अर्थतन्त्र कसरी निर्माण गर्ने भन्ने नै आजको हाम्रो मुख्य चुनौती रहेको हुँदा सरकारले सोही अनुरुप आर्थिक नीति घोषणा गरी काम गरिरहेको उल्लेख गर्नु भयो। साथै, गुणात्मक परिणाम प्राप्त गर्नका लागि गुणात्मक परिवर्तन पनि आवश्यक रहेकोले त्यसका लागि राजस्व प्रणालीलाई पुनर्संरचना गर्न, खर्च प्रणालीको सुधार गर्न र संस्थाहरूलाई सुदृढ बनाउन जरुरी रहेको बताउनु भयो।

४९. मिति २०७८ मङ्सिर २७ गते अर्थमन्त्री जनार्दन शर्माले बीमा समितिको कार्यालय भवन शिलान्यास समारोहलाई सम्बोधन गर्ने क्रममा बीमा क्षेत्रको नियमनका लागि ऐन परिमार्जन आवश्यक रहेको बताउनुभयो। उहाँले बीमा क्षेत्रको दायरा वृद्धि भइरहेको बेला यसलाई नियमन गर्ने ऐनसमेत सोहीअनुरूप विकसित गराउँदै लैजानुपर्ने बताउनुभएको हो। बीमा कम्पनीहरू सहर केन्द्रित र व्यवसाय केन्द्रित मात्र भएको बताउनुहुँदै कम्पनीहरूले गाउँघरमा गएर त्यहाँका जनताको जोखिम हेरेर बीमा गर्नुपर्ने बताउनुभयो। बीमा गर्न स्वतः स्फूर्त रूपमा मानिसहरू नआइरहेकोप्रति र बीमा गरेकाहरूले समेत भुक्तानी नपाइरहेको प्रति बीमा कम्पनी र नियमनकारी नियकाले ध्यान दिनुपर्ने बताउनुभयो।

५०. मिति २०७८ मङ्सिर २९ गते अर्थमन्त्री जनार्दन शर्माले नेपाल उद्योग वाणिज्य महासंघले गरेको नव उत्थान सम्मेलनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै थप उत्पादन हुँदै गरेको विद्युतको आन्तरिक खपत बढाउँदै अर्थतन्त्रमा उत्पादन बढाउँदै जानुपर्ने कुरा व्यक्त गर्नुभयो। यसको लागि बिक्रीभन्दा पनि उत्पादनशील उद्योगहरूलाई सहुलियतमा विद्युत उपलब्ध गराएर खपत बढाउनुपर्ने विचार राख्नुभयो।